म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २२१ शनिबार, १४ चैत २०८२ ने. सं. ११४६ चौलाथ्व 28 March 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरको दश पालिकामध्ये हेटौंडामा सबैभन्दा बढी क्षयरोगी

हेटौंडा, १३ चैत/मकवानपुरको दश पालिकामध्ये हेटौंडा उपमहानगरपालिकामा सबैभन्दा बढी क्षयरोगी ३ सय ४० जना क्षयरोगी रहेको पाइएको छ । बकैया गाउँपालिकामा ११२ जनामा र मनहरी गाउँपालिकामा ११० जनामा रोग देखापरेको कार्यालयले जनाएको छ । बागमतीमा ८५ जना, थाहा र मकवानपुरगढीमा ३०/३० जना, भीमफेदीमा २६ जना, राक्सिराङ्मा १८ जना, कैलाशमा १६ जना र इन्द्रसरोवरमा ८ जना विरामी फेलापरेका छन् । जिल्लाभर भने ७ सय ७५ क्षयरोगी रहेको जनस्वास्थ्य कार्यालयले जनाएको छ । चालु आर्थिक वर्ष २०८२/८३ मा माइक्रोस्कोपी विधिबाट ५ हजार ९५६ जनाको र पिसीआर विधिबाट ३ हजार ९२ जनाको परीक्षण गरिएको कार्यालयले जानकारी दिएको छ । जनस्वास्थ्य कार्यालय मकवानपुरले गरेको जिल्लास्तरीय वार्षिक समीक्षामा यस्तो जानकारी दिइएको हो । जनस्वासथ्य कार्यालयका कान्जी चौधरीका अनुसार १४ वर्षमुनिका बालबालिकामा सक्रिय क्षयरोग हुन नदिन कार्यालयले टिबीपीटी कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

# बागमतीको प्रशासनिक संरचना निर्माणको बाटो खुल्यो

साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/ संघीयता कार्यान्वयनको ८ वर्षपछि बागमती प्रदेश सरकारको एकीकृत प्रशासनिक संरचना निर्माणका लागि जग्गाप्राप्ति प्रक्रिया टुङ्गिएको छ ।

२०७६ देखि जग्गा प्राप्तिको कानुनी प्रक्रियामा अल्झिएको योजनालाई संघीय मन्त्रिपरिषद् बैठकले टुङ्ग्याएसँगै निर्माणको बाटो खुलेको हो । २०७४ सालमा प्रदेश संरचना बने ५ जना मुख्यमन्त्री र ८० भन्दा बढी मन्त्री बागमती प्रदेशले पाइसकेको छ । अहिलेसम्म आफ्नै व्यवस्थित भवन नहुँदा प्रदेशका मन्त्रालय साँघुरा सरकारी भवन र भाडाका घरबाट सञ्चालन गर्नुपर्ने बाध्यता रहँदै आएको छ । विगतका सरकारले बर्सेनि बजेट विनियोजन गरेपनि जग्गाको भोगाधिकार प्राप्त नहुँदा प्रशासनिक संरचना निर्माणको काम अघि बढ्न सकेको थिएन ।

प्रदेश सरकारको प्रशासनिक भवन निर्माणका लागि हेटौंडा उपमहानगरपालिका वडा नम्बर १६ र १७ मा प्रस्तावित ३१.०२ हेक्टर वनक्षेत्रको जग्गा प्राप्त भएको छ । प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहठ्ठाका अनुसार यो क्षेत्रमा रहेका विभिन्न प्रजातिका ५ हजार २२६ वटा रुख तथा पोल हटाउन संघीय सरकारले स्वीकृति दिइसकेको छ । रुख कटानको केही प्रक्रिया र वन विभागसँग सम्झौता पछि फिल्डमा काम सुरुहुने उनले बताए । जग्गाप्राप्ति गर्दा यो क्षेत्रमा रहेका बोटबिरुवा र रुखको संरक्षण तथा वृक्षरोपणका लागि आवश्यक




पर्ने रकमको सुनिश्चितता प्रदेश सरकारले गरिसकेकाले छिटै अरु प्रक्रिया सकिने उनको भनाइ छ ।

बागमती प्रदेश मन्त्रिपरिषदको भदौमा बसेको बैठक्ले वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन अनुसार आवश्यक रकम 'वनकोष'मा जम्मा गर्ने निर्णयसहित सहमति गरिसकेको सचिव मरहठ्ठाले बताए । सुरुमा १४ वटा मन्त्रालय अट्ने गरी 'सिंहदरबार मोडल'मा विस्तृत परियोजना प्रतिवेदन तयार पारिए पनि हालको आवश्यकता र प्रभावकारितालाई ध्यान दिँदै यो डिजाइनमा केही परिमार्जन गर्न लागिएको उनले जानकारी दिए । तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले २०७५ मै एकीकृत प्रादेशिक प्रशासनिक संरचना निर्माण योजना अघिसारेका थिए । प्रदेश राजधानीका संरचना निर्माणमा जग्गा खोजी गरेपनि उनले त्यसलाई निकर्षमा पुऱ्याउन सकेनन् ।

'हाम्रो प्राविधिक टोलीले साविकको डिजाइनलाई थोरै परिमार्जन गर्दैछ, ताकि संरचना थप आधुनिक, प्रभावकारी र कमखर्चिलो होस्,' उनले भने । प्रदेश सरकारले यसै आर्थिक वर्षभित्रै प्रशासनिक भवन निर्माणका लागि खरिद (ठेक्का) प्रक्रिया सुरुगर्ने लक्ष्य राखेको सचिव मरहठ्ठाले बताए । रुखकटान सकिएलगत्तै टेण्डर आह्वान गरिने उनको भनाइ छ । डिजाइन परियोजना सहित निर्माणकार्य थालिने र यो सम्पन्न भएपछि बागमती प्रदेशका सबै मन्त्रालय एकै स्थानबाट सञ्चालन भई सेवाप्रवाहमा सहजता आउने उनले प्रस्ट पारे ।

**यसरी सुरु भएको थियो संरचना निर्माणको योजना**

तत्कालीन मुख्यमन्त्री पौडेलले २०७५ मै एकीकृत प्रादेशिक प्रशासनिक संरचना निर्माण योजना अघिसारेका थिए । प्रदेश राजधानीका संरचना निर्माणमा जग्गा खोजी गरेपनि उनले त्यसलाई निष्कर्षमा पुऱ्याउन सकेनन् ।

त्यसपछि मुख्यमन्त्री बनेका राजेन्द्र पाण्डे र शालिकराम जम्कट्टेलको कार्यकालमा पनि यसबारे प्रयास भयो तर, जग्गाप्राप्तिको प्रक्रिया टुङ्गोमा पुग्न सकेन । हेटौंडा-१७ स्थित डिपोचौरमा निर्माण गर्नेगरी आयोजना तयार गरेर तत्कालीन सरकारले पटकपटक संघीय सरकार लाई पत्राचार गरेको थियो । यद्यपि यो विषय निष्कर्षमा पुग्न सकेन । पछिल्लो समय संघीय सरकारको राष्ट्रिय योजना आयोगले 'राष्ट्रिय गौरवको आयोजना' निर्धारण गरेसँगै जग्गाप्राप्तिको कानुनी गाँठो खुकुलो बनेको हो ।

निवर्तमान मुख्यमन्त्री बहादुरसिंह लामाका पालामा प्रधानमन्त्री कार्यालयसँग समन्वय र लबिङपछि २०८१ चैत ६ गते राष्ट्रिय योजना आयोगले यो योजनालाई राष्ट्रिय गौरवको आयोजना निर्धारण गर्ने निर्णय गरेको थियो । आयोगको निर्णयको पत्र प्रधानमन्त्री कार्यालय हुँदै मुख्यमन्त्री कार्यालयमा प्राप्त भएपछि जग्गाप्राप्तिका लागि संघीय वन तथा वातावरण मन्त्रालय र भूमि व्यवस्था मन्त्रालयमा पत्राचार गरिएको थियो । प्रदेश सरकारले प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजना खडा गरेर डिपोचौरमा ३१.०२ हेक्टर जमिनमा प्रशासनिक संरचना निर्माण गर्ने योजना तयार गरेको छ ।

मुख्यमन्त्री कार्यालयसहित १० वटा मन्त्रालय, प्रदेशसभा भवन, सुरक्षानिकाय, लोकसेवा आयोग, नीति तथा योजना आयोग, बैंक, क्याफेटेरिया र शिशु स्याहारकेन्द्रसहित २५ वटा आधुनिक संरचना निर्माण गर्नेगरी ईआईए गरिएको छ ।

प्रदेश सरकारले रुखकटान बापतको क्षतिपूर्ति र वृक्षरोपणका लागि आवश्यक रकम 'वनकोष' मा जम्मा गर्ने निर्णय गरेपछि प्रक्रिया फेरि अघि बढेको हो । प्रदेश सरकारले प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजना खडा गरेर डिपोचौरमा ३१.०२ हेक्टर जमिनमा प्रशासनिक संरचना निर्माण गर्ने योजना तयार गरेको छ ।

आयोजनामा २७.५७ हेक्टर (घ्याम्पे र चुरेकाली सामुदायिक वन)को वनक्षेत्र पर्छ भने ३.४५ हेक्टर विद्यालय र सार्वजनिक जग्गा पर्दछ ।

# बालेन सरकारमा बागमतीबाट ५ जना मन्त्री बने



साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/बालेन्द्र शाह (बालेन) नेतृत्वको नयाँ सरकारमा बागमती प्रदेशले महत्वपूर्ण ५ मन्त्रालय पाएको छ ।

बालेन क्याबिनेटमा बागमती प्रदेशबाट मात्रै ५ जना मन्त्री नियुक्त भएका हुन् । बालेन क्याविनेटमा मन्त्री बनेका अधिकांश काठमाडौँका रहेका छन् । जसमा काठमाडौँका ३ जना, नुवाकोट र चितवनका १-१ जना रहेका छन् । बालेन क्याविनेटमा विराजभक्त श्रेष्ठ उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री बनेका छन् भने शिशिर खनाल पर राष्ट्र मन्त्री, सस्मित पोखरेल शिक्षा, विज्ञान तथा प्रविधि र युवा तथा खेलकुद मन्त्री बनेका छन् । डा. विक्रम तिमल्सिना सञ्चार तथा सूचना प्रविधि मन्त्री बनेका छन् भने सोबिता गौतम कानुन, न्याय तथा संसदीय मामिला मन्त्री बनेका छन् ।

विषेशगरी काठमाडौँ क्षेत्र नम्बर-५, ६ र ८ बाट ३ जना मन्त्री रहेका छन् भने चितवन-३ र नुवाकोट-१ बाट एक/एक जना मन्त्री बनेका छन् । उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री बनेका श्रेष्ठ काठमाडौँ-८ का हुन् भने परराष्ट्र मन्त्री बनेका खनाल काठमाडौँ-६ का हुन् । काठमाडौँ-५ का पोखरेलले शिक्षा, विज्ञान तथा प्रविधि र युवा तथा खेलकुद मन्त्री बनेका छन् भने नुवाकोट-१ का डा.तिमल्सिना संचार तथा सूचना प्रविधि मन्त्री बनेका छन् । चितवन-३ की गौतम कानुन न्याय तथा संसदीय मामिला मन्त्री बनेकी छिन् ।

काठमाडौँ-५ बाट 'हेभीवेट' नेताहरु एमालेका ईश्वर पोखरेल र कांग्रेसका प्रदीप पौडेललाई पराजित गर्दै सस्मितले संसदको यात्रा तय गरेका हुन् । काठमाडौँ महानगरपालिकामा बालेनको शिक्षा सल्लाहकार र विज्ञकारुपमा काम गरिसकेका पोखरेलले महानगरको छात्रवृत्ति प्रणालीमा क्रान्तिकारी सुधार गरेका थिए । यसअघि १९ दिन शिक्षामन्त्री बनेका खनाल यसपटक परराष्ट्र मन्त्रालयको जिम्मेवारीमा फर्किएका छन् । अमेरिकाबाट सार्वजनिक नीतिमा स्नातकोत्तर गरेका खनाल रास्वपाको अन्तर्राष्ट्रिय विभागप्रमुख समेत हुन् । कूटनीतिक र आर्थिक क्षेत्रमा दखल राख्ने खनालले नेपालको विदेश नीतिलाई आधुनिक र सन्तुलित बनाउने अपेक्षा गरिएको छ ।

पूर्वपरराष्ट्रमन्त्री डा.प्रकाश शरण महतलाई उनकै गृहजिल्ला नुवाकोटमा पराजित गरेर डा. तिमल्सिना चर्चामा आएका हुन् । अस्ट्रेलियाबाट अन्तर्राष्ट्रिय सम्बन्धमा विद्यावारिधि (पीएडी) गरेका उनीसँग सञ्चारक्षेत्रको १५ वर्ष लामो अनुभव छ । उनले सञ्चार मन्त्रालयमा नीतिगत र प्राविधिक सुधार गर्ने लक्ष्य राखेका छन् । काठमाडौँ-८ बाट पुनः निर्वाचित श्रेष्ठ दुईवर्षको अन्तरालमा दोस्रोपटक मन्त्री बनेका हुन् । यसअघि खेलकुद मन्त्रीकारुपमा सफल कार्यकाल बिताएका उनी 'तथ्यांक र तर्क' मा आधारित राजनीतिको पक्षपाती मानिन्छन् ।

सम्पदा संरक्षण र वातावरण अभियन्ताकारुपमा चिनिने उनलाई यसपटक विकासको मेरुदण्ड मानिने उर्जा मन्त्रालयको जिम्मेवारी दिइएको छ । चितवन-३ मा रेणु दाहाललाई भारी मतान्तरले पराजित गरेकी सोबिता गौतम नयाँ सरकारको कानुनी कमाण्डर बनेकी छिन् । सुशासन र नागरिक अधिकारका मुद्दामा खरो उत्रिने गौतमले नेपालको कानुनी संरचनालाई नागरिकमैत्री र आधुनिक बनाउने प्राथमिकता राखेकी छिन् ।

# हेटौंडा बचतको निर्वाचनमा २८ सय ८७ मत खस्यो



साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/हेटौंडा बचत तथा ऋण सहकारी संस्थाको निर्वाचन सम्पन्न भएको छ । संस्थाको २५ वर्षे इतिहासमा पहिलोपटक नेतृत्व चयनका लागि निर्वाचन गरिएको हो ।

कुल ६ हजार ९ सय ९३ मतदाता रहेको संस्थामा शुक्रबार सम्पन्न निर्वाचनमा २ हजार ८ सय ८७ मत खसेको निर्वाचन अधिकृत बीरेन्द्रप्रसाद ढुंगानाले जानकारी दिएका छन् । मतदान प्रक्रिया हेटौंडा-७ स्थित नवज्योति माध्यमिक विद्यालयमा बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन गरिएको थियो । अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र लेखासमिति संयोजक गरी चार पदका लागि मतदान भएको हो । अन्य पद भने सर्वसम्मत चयन भइसकेका छन् । अध्यक्ष पदमा संस्थाका निवर्तमान व्यवस्थापक रामशरण गौतम र पूर्वकर्मचारी राजु वाइबा प्रतिस्पर्धामा छन् ।

पूर्वव्यवस्थापक र कर्मचारी बीचको यो प्रतिस्पर्धालाई विशेष चासोका साथ हेरिएको छ । त्यसैगरी उपाध्यक्ष पदमा खडानन्द चौलागाईं, दीपक अधिकारी र सीताराम प्रधान उम्मेदवार रहेका छन् । कोषाध्यक्ष पदका लागि भीमसेन गौतम र मोनिका पौडेलबीच प्रतिस्पर्धा भइरहेको छ भने लेखासमिति संयोजक पदमा कविन पन्त र विष्णुप्रसाद अर्जेल उम्मेदवार छन् ।

मतगणना भोलि बिहान ७ बजेदेखि सहकारीको मुख्य कार्यालय, हेटौंडा-७ नागस्वतीमा सुरु गरिने निर्वाचन अधिकृत ढुंगानाले जानकारी दिए ।

# २२ हजार ७ सय जना बिरामीको ओपीडीमा उपचार




साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत सञ्चालित हेटौंडा अस्पतालबाट फागुन महिनामा मात्र २२ हजार ७ सय २ जना बिरामीले ओपीडीमार्फत उपचारसेवा लिएका छन् ।

अस्पतालद्वारा सार्वजनिक मासिक प्रतिवेदनअनुसार अन्तरङ्ग (ओपीडी) सेवामा ९ सय ५० बिरामी भर्ना भएका थिए भने आकस्मिक कक्षमा ५ हजार ४ सय ४४ जनाले उपचार लिएको अस्पतालका प्रवक्ता उत्सव चौलागाईले जानकारी दिए । अस्पतालले सामाजिक सेवा इकाईमार्फत १ सय १ जनालाई निशुल्क उपचारसेवा प्रदान गरिएको अस्पतालले जनाएको छ । फागुन महिनामा ७० वटा जटिल र ५९ वटा सामान्य शल्यक्रिया सम्पन्न भएका छन् । प्रसूति सेवातर्फ १ सय ४४ सामान्य, ८ भ्याकुममार्फत् र ८६ सिजेरियन अर्थात् अप्रेशन मार्फत् प्रसूति भएका छन् ।

अस्पतालका अनुसार यो अवधीमा ५ हजार ४ सय ८९ वटा एक्स-रे, ७ हजार २ सय १ प्रयोगशाला परीक्षण, २ हजार २ सय ८५ अल्ट्रासाउन्ड तथा ३ सय २३ सिटी स्क्यान गरिएको छ । त्यस्तै, १ सय १४ एमआरआई, १ हजार ७ सय ५५ ईसीजी र १ सय ६० जनालाई इको सेवा प्रदान गरिएको तथ्यांकमा उल्लेख छ । आईसीयूमा १ सय ८ जना बिरामीले उपचार लिएका छन् भने १ सय १ जनाले हेमोडायलाइसिस सेवा पाएका छन् । स्वास्थ्य बीमा कार्यक्रममार्फत २२ हजार ९ जना लाभान्वित भएका छन् । सेवाको पहुँच विस्तार र गुणस्तर सुधारमा अस्पताल निरन्तर लागिरहेको छ । विवरणअनुसार एचआईभी संक्रमित नयाँ २ सय ९६ जनाले फागुन महिनामा एआभी लिएका छन् भने फ्लोअपमा ६ सय ३५ जनाले लिएका छन् ।

त्यस्तै ८२ जनाले जेष्ठ नागरिक सेवा, २१ जनाले सुरक्षित गर्भपतन, ४६ जनाले इन्डोस्कोपी सेवा लिएका छन् । त्यस्तै ओसिएमसि मार्फत् १४ जना नयाँ र ९ जना पुराना सेवाग्रहीले सेवा लिएको जनाइएको छ । अस्पतालले गत माघ महिनादेखि मासिकरुपमा फेसबुक पेज, वेवसाइटमा विवरण सार्वजनिक गर्दै सेवा पारदर्शिता र जवाफदेहितामा जोड दिँदै आएको छ ।



यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# ह्वाट्सएपमा नयाँ फिचर, मेसेज पढेपछि आफैं डिलिट हुने

विश्वमा करिब ३ अर्ब ३० करोड सक्रिय प्रयोगकर्ता रहेको लोकप्रिय मेसेजिङ प्लटेफर्म ह्वाट्सएपले एउटा बहुप्रतिक्षित प्राइभेसी फिचर ल्याउने भएको छ । हालसम्म केवल फोटो र भिडियोका लागि मात्रै सीमित रहेको भ्यू वन्स फिचर अब टेक्स्ट मेसेजमा समेत उपलब्ध हुनेछ । अर्थात् ह्वाट्सएपमा एकपटक मेसेज पढ्ने बित्तिकै त्यो टेक्स्ट मेसेज स्वत: आफैं डिलिट हुने फिचर आउन लागेको हो ।

डब्लुए बेटाइन्फोको रिपोर्ट अनुसार ह्वाट्सएपको नयाँ बीटा संस्करणमा आफ्टर रिडिङ नामको नयाँ फिचर फेला पारेको छ । यो फिचर हालको 'डियापियरिङ मेसेज' भन्दा फरक र उन्नत हुनेछ । किनकि यसमा म्यासेज पढ्नेबित्तिकै स्वत: गायब हुन्छ र त्यसका लागि कुनै निश्चित समय कुर्नु पर्नेछैन ।




हाल ह्वाट्सएपमा 'डियापियरिङ मेसेज' का लागि २४ घण्टा, ७ दिन वा ९० दिनको विकल्प छ । तर अप्टर रिडिङ फिचर सक्रिय भएपछि मेसेज प्रापकले मेसेज पढ्नेबित्तिकै त्यो च्याटबक्सबाट हट्नेछ । यो भनेको ह्वाट्सएपमा फोटो/भिडियोका लागि उपलब्ध 'भ्यू वन्स' फिचर जस्तै हो।

प्रारम्भिक परीक्षणअनुसार यसमा मेसेज पढिएपछि १५ मिनेटभित्र पठाउने र पाउने दुवैको ह्वाट्सएपको इनबक्सबाट त्यो स्थायी रूपमा हट्ने गरेको छ । यदि म्यासेज पढिएको छैन भने पनि त्यो २४ घण्टासम्म च्याटमा रहनेछ र त्यसपछि आफैं डिलिट हुनेछ । यो सुविधा विशेषगरी ओटिपी, पासवर्ड, बैंक डिटेल्स जस्ता गोपनीय सूचनाहरू सेयर गर्दा उपयोगी हुने अपेक्षा गरिएको छ। यो सँगै प्रयोगकर्तालें 'डिलिट फर एभ्रिवन' जस्ता विकल्प प्रयोग गरेर 'म्यानुअली मेसेज' हटाउनु पर्ने झन्झट पनि कम हुनेछ ।

**आइफोन प्रयोगकर्ताका लागि अनुवाद सुविधा**

यसैबीच मेटा प्लेटफर्मले आइफोन प्रयोगकर्ताका लागि इनबिल्ट च्याट ट्रान्सलेसन फिचर पनि परीक्षण गरिरहेको छ । यो सुविधा मार्फत २१ भन्दा बढी भाषामा ह्वाट्सएपमा मेसेजहरू तुरुन्तै अनुवाद गर्न सकिनेछ । यो अनुवाद प्रणाली डिभाइसमै चल्ने भएकाले प्रयोगकर्ताको गोपनीयता पनि सुरक्षित रहने बताइएको छ ।

पछिल्लो समयमा डिजिटल प्राइभेसीप्रति प्रयोगकर्ताको चासो तीव्र रूपमा बढिरहेको छ । सिग्नल र टेलिग्रामजस्ता एपहरूले पनि आफैं समाप्त हुने अर्थात् सेल्फ-डिस्ट्रक्टिङ म्यासेज र एन्ड-टु-एन्ड इन्क्रिप्सनलाई प्राथमिकता दिँदै आएका छन् । यही प्रतिस्पर्धात्मक वातावरणमा ह्वाट्सएपले पनि आफ्ना फिचरहरूलाई अझ सुरक्षित र प्रयोगकर्तामैत्री बनाउँदै लगिरहेको देखिन्छ ।

यो फिचर हाल एन्ड्रोइड बीटा संस्करण (२.२६.१२.२) मा मात्र परीक्षण भइरहेको छ र अझै यो विकासकै चरणमा रहेको बताइएको छ । परीक्षण सफल भएमा निकट भविष्यमा यसलाई सबै प्रयोगकर्ताका लागि सार्वजनिक रूपमा उपलब्ध गराइने अपेक्षा गरिएको छ । यो फिचर ह्वाट्सएप प्रयोगकर्ताको गोपनीयता सुरक्षाका लागि निकै उपयोगी हुने बताइएको छ ।

**स्वास्थ्य**

# किन हुँदैन यौन उत्तेजना ? कम उमेरका पुरुषमा बढ्दैछ समस्या

लिंगमा उत्तेजना नै नहुनु ।

यो समस्या पहिले विशेषत वृद्ध उमेरमा देखिन्थ्यो, तर अहिले कम उमेरका युवाहरूमा पनि यस्तो समस्या देखिँदै आएको छ । लामो समय काममा बिताउने, मोबाइल र कम्प्युटरको अत्यधिक प्रयोग, अनियमित खानपान, निद्राको कमी र व्यायाम नगर्ने बानीले पुरुषहरूमा लिंग उत्तेजनासम्बन्धी समस्या बढ्दै गएको छ । हेर्दा सामान्य लागे पनि यो समस्याले दैनिकीलाई गम्भीर असर पारिरहेको हुन्छ ।



**लिंग उत्तेजना नहुने समस्या भनेको के हो ?**

लिंग उत्तेजना नहुने समस्या भनेको यौनसम्पर्कका लागि लिंग पर्याप्त कडा नहुने वा कडा भए पनि लामो समय टिक्न नसक्ने अवस्था हो । कहिलेकाहीँ थकान, तनाव वा मदिराको प्रभावले एक-दुई पटक यस्तो हुनु सामान्य हो । तर यदि यो समस्या पटक-पटक दोहोरिन्छ, नियमित बन्छ र यौन जीवनमा बाधा पुऱ्याउँछ भने यो समस्या हो भन्ने बुझ्नुपर्छ । यो अवस्थामा लिंगमा रगतको प्रवाह राम्रोसँग नहुने वा स्नायु प्रणालीमा समस्या हुने गर्छ । यसले यौन इच्छामा पनि कमी ल्याउन सक्छ ।

**यो समस्या कति सामान्य हो ?**

यो समस्या सामान्य छ भन्ने कुरा धेरैलाई थाहा हुँदैन । विश्वव्यापी अध्ययनअनुसार ४० वर्ष नाघेका आधाभन्दा बढी पुरुषले कहिलेकाहीँ यो समस्या भोग्छन् । तर अचम्मको कुरा के छ भने अहिले २५-४० वर्ष उमेर समूहमा पनि यो उल्लेखनीय रूपमा बढ्दै गएको छ । तनाव, डिजिटल लत, निष्क्रिय जीवनशैली र असन्तुलित खानपान मुख्य कारण बनेका छन् ।

नेपालमा यस्तो तथ्यांक सार्वजनिक नभए पनि यो समस्या लिएर अस्पताल र क्लिनिक धाउने युवाको संख्या बढ्दो छ । यो समस्या कुनै खास वर्ग, जाति वा ठाउँमा सीमित छैन । धनी-गरिब, शहर-गाउँ सबैलाई प्रभावित पार्न सक्छ । उमेर बढ्दै जाँदा जोखिम बढ्छ तर युवावस्थामा देखिनुले जीवनशैलीको गलत प्रभाव स्पष्ट देखाउँछ ।

**स्वास्थ्यसँग जोडिएको मुख्य जड**

यो समस्याको ठूलो हिस्सा शारीरिक कारणले हुन्छ । मधुमेहका कारण लामो समयसम्म रगतमा चिनीको मात्रा उच्च रहँदा नसा र रक्तनलीलाई क्षति पुऱ्याउँछ, जसले लिंगमा रगत पुग्न गाह्रो हुन्छ । उच्च रक्तचाप र मुटुरोगले रक्तनली साँघुरो बनाउँछ । मोटोपनले हार्मोन सन्तुलन बिगार्छ र रक्तप्रवाह घटाउँछ ।

टेस्टोस्टेरोनको कमीले यौन इच्छा र उत्तेजना दुवै प्रभावित गर्छ । धूम्रपानले रक्तनलीलाई कडा बनाउँछ, मदिरा र लागूपदार्थले स्नायु प्रणाली कमजोर पार्छ । केही औषधि (उच्च रक्तचाप वा डिप्रेसनका)ले पनि यो समस्या निम्त्याउछ । यी शारीरिक कारणहरू प्राय: एकअर्कासँग जोडिएका हुन्छन् । नियमित जाँच र जीवनशैली सुधारले यिनलाई नियन्त्रण गर्न सकिन्छ ।

**मानसिक कारण**

मानसिक कारणहरू पनि उत्तिकै महत्वपूर्ण छन् । निरन्तर कामको दबाब, तनाव र चिन्ताले यौन प्रतिक्रिया प्रणालीलाई नै प्रभावित गर्छ । डिप्रेसनले आत्मविश्वास घटाउँछ र यौन इच्छा हराउँछ । सम्बन्धमा भावनात्मक दूरी वा झगडाले पनि असर पार्छ । एकपटक समस्या आएपछि फेरि असफल हुने डरले अझ बढी तनाव सिर्जना गर्छ जसलाई 'प्रदर्शन चिन्ता' भनिन्छ ।

यी मानसिक कारणहरूले शारीरिक समस्या पनि निम्त्याउन सक्छन् । काउन्सेलिङ, ध्यान, योग र पार्टनरसँग खुला कुराकानीले यस्ता कारणहरू हटाउन सकिन्छ । मानसिक स्वास्थ्य बलियो भएपछि शारीरिक सुधार छिटो हुन्छ ।

**समस्या कसरी चिन्ने ?**

मुख्य लक्षणहरू यस प्रकार छन्

- लिंग पर्याप्त कडा नहुनु
- कडा भए पनि यौनसम्पर्कको समयसम्म नटिक्नु
- यौन इच्छा घट्नु
- यौन विचारले डर वा असुरक्षा महसुस हुनु ।

यी लक्षण एक-दुई पटक देखिनु सामान्य हो तर, बारम्बार र नियमित भएमा विशेषज्ञसँग जाँच गर्नुपर्छ ।

**जीवनमा पार्ने गहिरो असर**

यो समस्या यौन जीवनमा मात्र सीमित हुँदैन । आत्मविश्वास घट्छ, पुरुषत्वमाथि शंका जाग्छ । वैवाहिक सम्बन्धमा तनाव बढ्छ, पार्टनरसँग दूरी आउनसक्छ । मानसिक स्वास्थ्य बिग्रन्छ, चिन्ता, डिप्रेसन र निराशा बढ्छ । यसलाई बेवास्ता गर्नु हुँदैन, किनकि यसले समग्र जीवनको गुणस्तर घटाउँछ ।

**के उपचार सम्भव छ ?**

उपचार धेरै तरिकाबाट सम्भव छ । पहिले जीवनशैली सुधार गर्नु आवश्यक छ । त्यसका लागि नियमित व्यायाम, सन्तुलित खाना, राम्रो निद्रा र धूम्रपान-मदिरा छोड्नु उचित हुन्छ । चिकित्सकको सल्लाहमा औषधि प्रयोग गर्न सकिन्छ, जसले रगत प्रवाह सुधार गर्छ । मानसिक कारण भए काउन्सिल प्रभावकारी हुन्छ । हार्मोनको कमीमा थेरापी र गम्भीर अवस्थामा शल्यक्रिया विकल्प छन् । सबै उपचार समयमै गर्दा सफलता दर उच्च हुन्छ ।

**के गर्नु हुँदैन ?**

समस्या लुकाउनु, इन्टरनेटतिर हेरेको भरमा औषधि किनेर खानु, झारफुक वा अप्रमाणित उपचारमा भर पर्नु खतरनाक हुन्छ । यस्ता गल्तीले स्वास्थ्य बिगार्न सक्छ ।

# साहित्य

हास्य कथा

# अन्तिम संस्कार

**✍योगीशकृष्ण खरेल**

कुकुरको अन्तिम संस्कारको विषयमा कुनै कथा लेखिनु उचित हुन्छ ? कथा लेख्न सकिने थुप्रै विषय छन् । हजारौं, लाखौं, करोडौं वा त्योभन्दा बढी वा मानिसको संख्या जति नै । लेखक किन कुकुरको विषयमा लेखिरहेछ ।

पाठकहरूलाई आश्चर्य लाग्दो हो । कयौं कुकुर सडक दुर्घटनामा मरिरहेका हुन्छन् । कथा त परै जाओस्, समाचार समेत बन्दैन । लेखकको सोचाइ छ-कैयन् मानिस मरिमरि बाँचिरहेछन्, तिनको पनि त समाचार बन्दैन । समाचार बन्नु वा कसैको बारेमा लेखिनु त्यसको स्तरमा भर पर्छ, चाहे त्यो मानिस होस् वा कुकुर ।

जसरी लेखकले बालापनमा कथा सुनेको थियो, परम्परागत शैलीमा त्यसरी नै यो कथा लेख्ने हो भने यो कथा यसरी सुरु हुन्छ- एकादेशमा एक जना मन्त्री थिए । पहिले पहिलेका कथाको शुरुआत 'राजा थिए'बाट हुने गर्दथ्यो । कुनै मुलुक गणतन्त्रात्मक भएपछि राजाको प्रसंग वर्जित हुने गर्दछ । तसर्थ कथाको आरम्भ मन्त्रीबाट गर्नु उचित हुन्छ भन्ने मान्यताप्रति अन्य लेखकझैं यो लेखक पनि सहमत छ ।

मन्त्रीजीको कुकुर धेरै दिनदेखि विरामी थियो । कालो रङ्गको बुलडग मन्त्रीजीको अति नै प्यारो । पटक-पटक मन्त्री पदका अभ्यस्त मन्त्रीजीलाई मानिसहरू मन्त्री नहुँदा पनि मन्त्रीजी भन्थे । वरियताक्रममा सरकारमा दोश्रो स्थान राख्ने मन्त्रीजीको कुकुर विरामी थियो । घरभरि सबै उदास थिए । छोराको फोन अमेरिकाबाट आइरहन्थ्यो, "टाइगरलाई कस्तो छ ?" युरोप बस्ने छोरी ज्वाइँ उत्तिकै चिन्तित थिए । घरका नोकर चाकर कुकुरको सेवामा अहोरात्र खटिरहेका थिए । फुर्सदका बेला आपसमा कुरा गर्थे- मन्त्रीजीलाई कुकुर देख्दा आफैलाई देखेजस्तो लाग्दो हो, त्यसैले औधिमाया गर्छन् । अर्कोले जोड्थ्यो "साख्खै दाजु भाइ जस्ता देखिन्छन् ।"

कार्यालयमा मन्त्रीजी झोक्राएर बस्थे । पुराना कथामा राजा झोक्राउँदा मन्त्रीहरू हात बाँधेर राजासामु गम्भीर मुद्रामा उभिएका हुन्थे । यहाँ सेक्रेटरी, डिपुटी सेक्रेटरी लगायत अन्य अधिकृतहरू मन्त्रीजीको अनुहार हेरेर बसेर मन्त्रीको मनको कुरा बुझ्ने प्रयास गर्दै त्यहाँभित्रै आसन जमाउने योजना बुनिरहेका हुन्थे । यसै क्रममा एक जनाले भन्यो "हजुर, अब यहाँ सम्भव छैन जस्तो लाग्छ । एक पटक दिल्ली लैजानु उचित होला ।"

दोस्रोले उछिन्ने प्रयास गर्यो "हजुर, मेदान्तै ठिक होला ।" तेस्रो कडकियो "ह्वाट ननसेन्स । मेदान्त त ठुलाबडा मानिसको उपचार गर्ने ठाउँ हो ।

दोस्रो पनि कम थिएन "जसको बारेमा हामी कुरा गर्दैछौ, उसलाई तपाईं सामान्य प्राणी ठान्नुहुन्छ ? मैले पचासौं पटक भेट गरेको छु । आइ नेभर फेल्ट द्याट ही इज एन एनिमल । ए नोबल क्रेचर । मानवताले भरपूर एक प्राणी ।"

लामो सास तानेर मन्त्रीजीको अनुहारतिर हेर्दा उसले देख्यो मन्त्रीजीको आँखा र अनुहारमा ऊ प्रति प्रशंसा छचल्किएको छ ।

चौथो जो उपस्थितमध्ये सबैभन्दा उपल्लो दर्जाको थियो । उसले सबलाई एकै झमोटमा चलनचल्तिको भाषामा भन्ने हो भने सुताइदियो "अहिलेको महत्वपूर्ण विषय भनेको उपचार हो । कहाँ कसरी राम्रो उपचार पाइन्छ त्यसलाई प्राथमिकता दिनु पर्छ । दिल्लीमा एउटा त्यस्तो अस्पताल छ, जहाँ बेलायको रोयल मेडिकल कलेजका डाक्टरहरूले उपचार गर्छन् । उताका भिभिआइपिहरूले त्यहींको सेवा लिने गरेको मलाई थाहा छ । मिनिस्टर र हाइअर इक्जिक्यूटिभ सब त्यतै पुग्छन् । मेनका गान्धी अस्पताल लैजानु उचित हुन्छ ।" चौथो चिफ सेक्रेटरीको दावेदारमध्ये एक थियो ।

मन्त्रीजीको अनुहार उज्यालिएको देखेर ऊ हौसियो "हजुर, भोलि बिहानको फ्लाइटबाट उतै लैजानु पर्ला । एघार बजेतिर पुगिन्छ, त्यति बेलामा डा चक्रवर्ती इमरजेन्सीमा हुन्छन् । दूतावासबाट उनको मोबाइल नम्बर पत्ता लगाउने काम भइरहेको छ । संयोग दूतावासमा हजुरकै मानिस छन् । सब काम सजिलो हुन्छ ।"

दलीय भागबण्डामा मन्त्रीजीले दूतावासमा आफ्ना मानिस नियुक्त गर्न पाएका थिए । मन्त्रीजी मनमनै मुस्कुराए- मेरो कुकुरको सेवा गर्ने अवसर पायो त्यसले । चौथोको सक्रियता र जानकारीबाट मन्त्रीजीमात्रै होइन, सबै चमत्कृत भए, त्यसरी नै जसरी अकबरको दरबारमा बीरबलको तर्कबाट दरबारीहरू चकित हुने गर्दथे ।

कुनै पनि कथा सजिलोसँग कहाँ सकिन्छ र । अनेकन मोड आउँछ । परिकथामा परिको रूपमा राक्षसी आएजस्तै यो कथामा पनि अचानक मोड आयो । त्यो मोड ल्याइदियो मन्त्रीको मोबाइलको घण्टीले । उताको आवाज सुन्नासाथ मन्त्रीजीको अनुहार निलोकालो भयो ।

चौथोले सोध्यो "एनिथिङ् रंग सर ?"

जुरुक्क उठे "सब समाप्त भयो ।"

मन्त्रीजी सँगसँगै सबैले एकले अर्काको अनुहार हेर्दै आफू अरुभन्दा दुखी देखाउने प्रयास गरे । मन्त्रीजीले पिएलाई घर जाने जानकारी गराए । मन्त्रीसँगै लस्कर पछिपछि लाग्यो । मन्त्रीजीको घर शोकाकुल थियो । मन्त्राणीजी आँखा पुछ्दै थिइन् । उनको हालत देखेर लस्कर झनै शोकाकुल भयो । यहाँ फेरि प्रतिस्पर्धा देखियो- कसले बढी आँखा पुछ्ने ।

ठुलो हाकिमले मन्त्रीजीलाई सान्त्वना दियो "हजुर, यस्तै हो । विधिको विधान । हजुरबाट सबै प्रयास भएकै हो । अब अन्तिम संस्कारको प्रबन्ध गर्नु पर्छ ।"

"हैन, आज नगर्ने ।"मन्त्रीजीले खुइय्य गरे "आज साँझ परिसक्यो । आफन्तलाई खबर गर्नु पर्छ । भोलि बिहान गर्ने ।"

दोस्रो दर्जाको हाकिमले यस्तो मौकामा चुप लाग्नु उचित ठानेन "कुन ठाउँ लगेर गाड्ने हो । त्यसको टुंगो लगाउनु पर्यो ।"

पहिलो हाकिम कडकियो, "नचाहिने कुरा नगर्नुस् । ही इज जस्ट लाइक ए फेमिली मेम्बर । आफन्तहरूलाई खबर गर्नु पर्यो । हतार गरेर त हुँदैन ।"

उसलाई मन्त्रीजीको पूर्व सहकर्मीबाट थाहा भएको थियो- मन्त्रीजीको अंग्रेजीप्रतिको मोह । उनको युवाकालमा भर्खर-भर्खर निजी विद्यालय खुल्न थालेका थिए । आफ्नो छोराको बढ्दै गएको अंग्रेजी ज्ञानको बखान उनले यसरी गर्थे "अरे यार, मेरो छोराले त गाली पनि इंग्लिशमै दिन्छ । हामीलाई दिनभरिमा पचास पल्ट बास्टर्ड-बास्टर्ड भन्छ । रिसाएर भन्छ कि सन अफ बिच । मास्टरलाई मतलब सोधेको त थाहा भो कि यो अंग्रेजी गाली हो ।" उसको अंग्रेजी सुनेर मन्त्रीजीले मुन्टो हल्लाए ।

अब आरम्भ भयो कसरी कहाँ कहिले जलाउने । भोलि बिहान सात बजेतिर जलाउने टुंगो भयो । ठुलो हाकिमले कार्य विभाजन गर्यो । सञ्चारमाध्यमलाई खबर गर्ने जिम्मा यसको । चिता सजाउने जिम्मा, चन्दनको काठ उपलब्ध कहाँ कसरी कोबाट हुन्छ, फूलमालाको व्यवस्था, कुन कुन भिआइपीलाई बोलाउने, मन्त्रीजीको दलका कुन नेतालाई बोलाउने हो, कसलाई सम्पर्क हुन सकेन भन्ने हो आदि विषयमा मन्त्रीजीको सल्लाह समेत लिएर नोट गर्यो ।

शोकाकुल मन्त्रीजीको परिवारसँग बिदा हुदाँ नहुँदा रातिको दश बजिसकेको थियो । गाडीमा बस्नु अघि ठुलो हाकिमले सोध्यो, "कसको कसको घरमा बगैँचा छ ? भोलि बिहान आउँदा फुल चढाउनु पर्छ भन्ने कुरा नबिर्सनु होलानि ।"

घरमा सानोतिनो बगैँचा भएपनि कसैले छ भनेनन् । हाकिमले मुस्कुराउँदै भन्यो "ल, त्यसो भए मसँग हिँडनुस्, त्रिपुरेश्वरमा गएर अहिले किनौं । मैले साहुजीलाई पर्खेर बस्नु भनेको छु । राम्ररी प्याक गरेर शीतमा राखे भने ओइलाउँदैन ।" ठुलो हाकिमले संकट टारिदिएकोमा सबै खुसी भए ।

दन्त्य कथामा राजकुमारीको विवाह उत्सवको तयारी हुँदा जस्तो व्यवधान आउँथ्यो, त्यस्तै व्यवधान यस कथामा पनि आयो । त्यस व्यवधानका कारण एका बिहान कुकुरको अन्तिम संस्कारमा कुनै पनि कर्मचारी पुगेनन् ।

कुन राक्षस आइपुग्यो । लोकतन्त्रमा राक्षस अविश्वासको प्रस्ताव वा सरकार विघटनको रूपमा आइपुग्छ । यस कथामा पनि यस्तै भयो । मध्यरातमा सरकार प्रमुखले हाम्रा कथाका मूलपात्रलाई पदमुक्त गर्नु पर्यो । किनभने असन्तुष्ट दलका केही नेतालाई सरकारमा सहभागी नगराउँदा लोकतन्त्र खतरामा पर्न सक्दथ्यो । उनको ठाउँमा नयाँ मन्त्री नियुक्त भए ।

भोलिपल्ट बिहान सेक्रेटरी लगायत सबै कर्मचारी नवनियुक्त मन्त्रीको निवासमा फूलमाला सहित उपस्थित थिए । एकाबिहानै फूलमालासहित उपस्थित कर्मचारीको समूह देखेर नवनियुक्त मन्त्री गदगद भए । कथाको प्रमुख चरित्र कुकुरको अन्तिम संस्कारको विषयमा पाठकहरू उत्सुक हुनु स्वभाविक हो । यसबारे लेखकलाई पनि केही थाहा छैन । जाबो कुकुरको अन्तिम संस्कारमा कसको के रुचि हुन सक्छ ।

कविता

# शिक्षक



**✍शाश्वत डंगोल**

कक्षा-९, नवोदय शिशु सदन

शिक्षक तिमी ज्ञानको ज्योति बालेर चम्कियौं
अज्ञानताको त्यो कालो पक्ष हटाई लम्कियौं
शिक्षकविना जीवन हुन्छ धेरै नै कठिन
शिक्षक तिमी दिन्छौं नि ज्ञान सदैव नवीन ।

गुरुले गर्दा जीवन हुन्छ ज्यादै नै सजिलो
शिक्षकह हुने गर्छन् ज्यादै नै हँसिलो
ज्ञानको ज्योति छरेर तिमीले संसार चलायौं
अज्ञानताको त्यो कालो पक्ष डटेर जलायौं ।

शिक्षक सँधै मुहार राम्रो राखेर बसेको
उनी नै बाट विभिन्न ज्ञान सोधेर लिएको
शिक्षक सधैं मिलेर बस्ने हुन्छन रे जाती ।

कठिन कुरा सरल हुन्न सहज गराई
आत्माको बल हामीमा राख्ने कायमी सिकाइ
गलत हुने समय मानी बन्दछन् मायालु
सही बाटो देखाउने तपाईं सारैनै दयालु ।

कविता

# गिद्धको वंश

**✍डा. नवराज सुब्बा**

पहिले गिद्ध उड्थे आकाशमा–
मृत शरीर खोज्दै,
सफा गर्दथे पृथ्वीको पीडा,
शवहरूको सिँगारकर्ता थिए–
प्रकृतिका सफा सैनिक।
तर आज–
गाउँ सुनसान छ,
न त आकाशमा छाया,
न त रूखमा गुँड ।
गिद्धहरू खोइ त ?

खोज्दै जाँदा
पत्ता लाग्यो–
उनीहरू सबै
कोट र टाइमा लपेटिएर
टोपी र बिल्लामा सजिएरर
सभामञ्चको कुर्सीमा बसिरहेका छन् ।
हेर त !
कसरी टल्किन्छ उनीहरूको जिउ,
तर तिनका आँखा त–
उस्तै रहछन्, शिकार खोजिरहेका ।
तिनका मुख पनि उस्तै रहेछन्
कोपर्छन्, चुस्छन्
ती बोल्छन् भाषण,
तर शब्दमा गन्ध छ–
पुराना मृत सपनाहरूको।

अब गिद्धले शिकार गर्दैन
मात्र टल्किने चाहना मात्र उसले चिन्छ,
अब उनीहरूले हड्डी चपाउँदैनन्
माटोको माया कुल्चेर
देशको आत्मा चुस्छन्–
इतिहासका काला अक्षर झैं
लुट्छन् देशको अस्मिता र ऐश्वर्य
कागजका दस्तावेज चाट्दै।

कसले भन्छ गिद्ध हराए ?
उनीहरू त अझै छन् –
नयाँ भेषमा,
पुराना आदतमा ।

# सर नमस्ते !

**✍हेमकुमार**

सर नमस्ते,
उहि छात्रको तर्फबाट हजुरमा
सम्झनुस त उहि मलाई
मेरो नौ-दस महिनादेखिको
स्कुलको झोत्रो लुगामा
पुराना चपलमा
पुराना फाट्दै गरेको पुस्तकमा
क्याप पनि हराएको कलम अनि कापीमा

तपाइँले बिर्सनु भयो होला,
मैले बिर्सेको छैन
डुङ-डुङ गनाउने
छिस्किनी नलाग्ने
पानी बिनाका शौचलयमा
पानी पर्दा नि छानो चुहिएर
स्कुल छुट्टी हुने छानोहरुमा
बार- बार जाँच दिदा पनि
फेल हुने नतिजाहरुमा
हामी जति फेल भए नि
हजुरको आइ रहने तलबमा
मेरो मुहान ठ्याक्कै झल्कने
मेरा बा-आमाका मुहारहरुमा
मलाई त्यहिँ पाउनुहुन्छ आज

अफसोस म केही बन्न सकिन
तर केही बन्ला कि भन्ने आशामा
छोरो पठाएकोछु हजुरको स्कुलमा
आजकल हजुर त हुनुहुन्छ रे
बानेश्वर संग्राममा
आइदिनुस न एकैछिन स्कुलमा ।

मन्त्रिपरिषद् निर्णयः

# कसरी हुनसक्छ जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन ?



काठमाडौं/सरकारले जेनजी आन्दोलनमा भएको दमनबारे जाँचबुझ गर्न गठन भएको आयोगको प्रतिवेदन तत्कालन कार्यान्वयन गर्ने निर्णय गरेको छ । प्रधानमन्त्री बालेन शाहको नेतृत्वमा गठन भएको मन्त्रिपरिषदको पहिलो बैठकले 'जेनजी आन्दोलन जाँचबुझ आयोगको प्रतिवेदन तत्काल कार्यान्वयन गर्ने' निर्णय गरेको हो । शिक्षा तथा विज्ञान प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता सस्मित पोखरेलका अनुसार, मन्त्रिपरिषद्ले त्यसमा पनि दुईथरी निर्णय गरेको छ ।

पहिलो, प्रहरी र सुरक्षाकर्मीहरुका हकमा अध्ययन समिति बनाएर त्यसको सिफारिसका आधारमा प्रतिवेदन कार्यान्वयन हुनेछ । तर, अरुका हकमा भने प्रतिवेदन तत्काल कार्यान्वयन हुने भनी मन्त्रिपरिषद्ले निर्णय गरेको हो ।

**गृह मन्त्रालय हुँदै प्रहरीमा**

सरकारले अरुका हकमा तत्काल कार्यान्वयन गर्ने भनेको प्रतिवेदन गृह मन्त्रालय हुँदै प्रहरी प्रधान कार्यालय पुग्नेछ । त्यहाँबाट प्रतिवेदन बारदातस्थल रहेको जिल्ला (घटना भएको मुद्दा हेर्ने जिल्ला)को प्रहरी कार्यालय पुग्नेछ ।

जेनजी आन्दोलनको पहिलो दिन अर्थात भदौ २३ गते १९ जनाको ज्यान जानेगरीको घटना संसद भवन अगाडिको हो । त्यहाँको सबै अनुसन्धान गर्ने काम जिल्ला प्रहरी परिसर, काठमाडौंको हो । प्रहरी मुख्यालयबाट उक्त प्रतिवेदन जिल्ला प्रहरी परिसरमा पुग्नेछ ।

राष्ट्रिय मानव अधिकार आयोगकी पूर्वसदस्य एवं अधिवक्ता मोहना अन्सारी फौजदारी अनुसन्धान अघि बढाउन जाहेरी र जाँचबुझ प्रतिवेदन आधार हुने बताउँछिन् ।

'त्यो घटनामा कयौं प्रत्यक्षदर्शी, सिसिटीभी फुटेज लगायतका प्रमाणहरु छन् । ती प्रमाण विश्लेषणका आधारमा कारवाही अघि बढ्नसक्छ,' अन्सारी भन्छिन्, 'भदौ २५ गते नै प्रहरीमा पेश भएको जाहेरी दर्ता नभएर अलपत्र छ । त्यसलाई अघि बढाएर अनुसन्धान गर्न सकिन्छ । कतिपय जटिलताका विषयमा कानून संशोधन गरेर भए पनि कारवाही हुनुसक्छ ।'

**जाहेरीबाट अनुसन्धान**

जेनजी आन्दोलनमा ज्यान गुमाएकाहरुका अविभावक एवं आफन्तहरुले प्रहरीमा किटानी जाहेरी दिइसकेका छन् । तर जाँचबुझ आयोग गठन भइसकेको र त्यसले पनि अध्ययन शुरु गरेको भन्दै प्रहरीले अनुसन्धान अघि बढाएको थिएन ।

मन्त्रिपरिषदले नै प्रतिवेदन कार्यान्वयनको निर्णय गरेकाले अब प्रहरीले यसअघि पेश भएको किटानी जाहेरी र अनुसन्धान प्रतिवेदन अध्ययन अघि बढाउनेछ । त्यसक्रममा पीडितहरुसँग कागज गर्नेदेखि आरोपितहरूसँगको बयान थाल्ने क्रम शुरु हुन्छ । नेपाल प्रहरीका पूर्वएआईजी उत्तम सुवेदी जाँचबुझ आयोगकै प्रतिवेदनका आधारमा मुद्दा भने नचल्ने बताउँछन् । अरु अनुसन्धान अघि नबढाई प्रतिवेदनकै आधारमा शंकाको घेरामा परेका व्यक्तिमाथि धरपकड नहुने उनी बताउँछन् ।

'प्रतिवेदनलाई सूचनाको रुपमा लिएर प्रहरीले अनुसन्धान अघि बढाउँछ । तथ्य प्रमाण देखिएमा प्रतिवेदनमा उल्लेख भएअनुसारको कानूनी प्रक्रिया बढ्न सक्छ' सीआईबीको पूर्वप्रमुख समेत रहेका सुवेदी भन्छन्, 'तर अनुसन्धान अघि बढाउदै तथ्य प्रमाण नदेखिए प्रतिवेदनका सिफारिसहरु हुबहु कार्यान्वयन हुन सक्दैनन् ।'

प्रहरीले किटानी जाहेरी, जाँचबुझ प्रतिवेदन, मृतक एवं घाइतेहरुका आफन्त एवं प्रत्यक्षदर्शीका भनाईमा थप अनुसन्धान अघि बढाउछ । र, १९ जनाको ज्यान जानेगरी भएको घटनामा को-को संलग्न छन् ? कसको कुन तहको संलग्नता हो र उनीहरुलाई के कस्तो आधारमा फौजदारी कारवाही अघि बढाउने भन्नेबारे अनुसन्धान प्रतिवेदन तयार गरी सरकारी वकिलको कार्यालयमा बुझाउनेछ ।

**चार पदाधिकारीहरुलाई अप्ठेरो**

सुरक्षाकर्मीहरु बाहेक अरुको हकमा प्रतिवेदन तत्काल कार्यान्वयन भएमा राज्यका तीन पदाधिकारीहरू अप्ठेरोमा पर्नसक्छन् । सिफारिसमा परेकाहरुमा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक, गृहसचिव गोकर्णमणि दुवाडी र काठमाडौंका प्रमुख जिल्ला अधिकारी छविराज रिजालमाथि अनुसन्धान हुनसक्छ ।

जाँचबुझ आयोगले ओलीको भूमिकाबारे भनेको छ, 'प्रधानमन्त्रीय संसदीय प्रणालीमा संसद भवन परिसर बाहिर लगभग ४ घण्टा गोली चलिरहँदा पनि केहीको मृत्यु र सयौंको संख्यामा घाइते भइसकेको अवस्थामा पनि राज्यका सबै नागरिकको अभिभावकको जिम्मेवारी र दायित्व भएको पदाधिकारीको हैसियतले थप मानवीय क्षतिलाई रोक्न प्रयास नगर्नु प्रधानमन्त्री(अभिभावक)को ठूलो कमजोरी हो ।'

प्रहरी एवं सुरक्षाकर्मीहरुको हकमा छुट्टै अनुसन्धान समिति बनाउने भनिएकाले तत्कालका लागि प्रहरी महानिरक्षक चन्द्रकुबेर खापुङ छन्, काठमाडौं प्रहरी परिसरका प्रमुख एवं एसएसपी विश्व अधिकारी लगायतमाथिको कारबाही केही समयका लागि रोकिने भएको छ ।

खापुङ र अधिकारीको हकमा 'कसैले लापरवाहीपूर्ण काम गरी कसैको ज्यान मार्न हुँदैन' भन्ने व्यवस्था उल्लंघन गरेको आरोपमा अनुसन्धान अघि बढाउन सिफारिस थियो । त्यो निर्णयले जाँचबुझ आयोगको प्रतिवेदनका कारण सुरक्षाकर्मी र सुरक्षा निकायबाट तत्काल आउने प्रतिक्रिया भने रोकिने छ ।

**मुद्दा चल्ने र नचल्ने निर्णय**

सबै पाटोको अनुसन्धान गरेर प्रहरीले तयार पार्ने प्रतिवेदनका आधारमा, सरकारी वकिलको कार्यालयले के कस्तो अभियोगमा मुद्दा चलाउने, को-को माथि मुद्दा चलाउने र कति सजायको मागदावी गर्ने भन्ने तय गर्नेछ ।

प्रहरी प्रतिवेदन अध्ययन गरेर त्यसलाई पुष्टि गर्ने अरु प्रमाणहरु जुटाउने र त्यसका आधारमा कुन कसुर आकर्षित हुन्छ, राय पेश गर्ने काम प्रहरीको हो । प्रमाण भेटिएको हकमा पक्राउ पुर्जी लिएर प्रक्रिया अघि बढ्न सक्ने पूर्वएआईजी सुवेदी बताउँछन् । मुद्दा चलाउने निर्णय हुदा आरोपपत्र जिल्ला अदालतमा दर्ता हुन्छ । इटहरीमा ज्यान गएका व्यक्तिहरुको हकमा मुद्दा चल्ने भए त्यही नै जिल्ला सरकारी वकिलले निर्णय गर्छ ।

तर, प्रमाण नभेटिएमा प्रहरीले मुद्दा नचल्ने राय सहित अनुसन्धान प्रतिवेदन सरकारी वकिलको कार्यालयमा पेश गर्छ । सरकारी वकिलबाट मुद्दा नचल्ने रायसहित निर्णय भएमा जिल्लास्थित सरकारी वकिलको कार्यालयले पेश गरेको राय तहतह हुँदै उच्च सरकारी वकिलको कार्यालय, महान्यायाधिवक्ताको कार्यालयका नायव महान्यायाधिवक्ताहरु हुँदै अन्तिममा महान्यायाधिवक्ताले निर्णय गर्नुपर्छ ।

मुद्दा नचल्ने राय कुनैपनि तहबाट उल्टिएमा जिल्लाका सरकारी वकिलहरूलाई मुद्दा चलाउनुपर्ने बाध्यता हुन्छ । मुद्दा नचल्ने राय कार्यान्वयन हुन भने महान्यायाधिवक्ताकै अन्तिम निर्णय आवश्यक पर्छ ।

**भदौ २३ र २४ : कुनको अनुसन्धान कसरी ?**

कतिपयको दृष्टिमा आयोगको प्रतिवेदन कार्यान्वयनमा एकपछि अर्को जटिलता छन् । पहिलो, जाँचबुझ आयोगको प्रतिवेदन बस्तुपरक छैन, विवरणहरु नै त्रुटीपूर्ण छन् । भदौ २३ र २४ गतेको घटनामाथि समान र सन्तुलित रुपमा अनुसन्धान नभएको भनी प्रश्नहरु पनि उठ्ने गरेका छन् ।

कैयौले भदौ २३ को गहिराईमा पुगेको आयोग भदौ २४ को घटनाभित्र प्रवेश गर्न नचाहनेको भनी आलोचना गर्ने गरेका छन् । नेपाल बार एसोसिएसनका महासचिव एवं वरिष्ठ अधिवक्ता केदार कोइराला प्रतिवेदनको सत्यता र तटस्थताले आगामी अनुसन्धानलाई निर्देशित गर्ने बताउँछन् ।

'यति प्रतिवेदन सत्यतथ्यमा आधारित छ र वस्तुपरक रुपमा तयार गरिएको छ भने आगामी अनुसन्धानलाई सहज बनाउँछ,' उनी भन्छन्, 'तर पर्याप्त अध्ययनविना हचुवाको भरमा तयार पारिएको छ भने भोलिका दिनमा पनि अनुसन्धान अघि बढाउन कठिनाई हुने देखिन्छ । अपुष्ट सूचनाका आधारमा त अनुसन्धान गर्न सकिदैन नी ।'

जाँचबुझ आयोगले लापरबाही र हेलचेक्राईका कारण १९ जनाको ज्यान जाने घटना भएको निष्कर्ष सहित तत्कालीन प्रधानमन्त्री, गृहमन्त्री, प्रहरी महानिरीक्षक र प्रमुख जिल्ला अधिकारी लगायतमाथि अनुसन्धान गर्न सिफारिस गरेको छ ।

राजकीय पदमा बसेर उनीहरुले त्यो तहको फौजदारी जवाफदेहिता बहस गर्न कत्तिको न्यायोचित हो भन्ने प्रश्नपनि कतिपयले उठाइरहेका छन् । तर, मानव अधिकारकर्मी मोहना अन्सारी नेपालको दण्डहीनताको श्रृङखला तोड्न पनि कुनै कुन कुनै रुपमा अनुसन्धान अघि बढ्नुपर्ने बताउँछिन् ।

'अन्तर्राष्ट्रिय अभ्यास र अभिसन्धीहरुमा घटनाको बेलामा रहेका नेतृत्वलाई उत्तरदायी र जवाफदेही बनाउने व्यवस्थाहरु छन्,' उनी भन्छिन्, 'द्वन्द्वकालीन घटनामा पनि कतिपय नेतृत्वलाई जावफदेही बनाउने प्रयास भएका छन् । हाम्रोमा पनि त्यो प्रयास अघि बढाएर दण्डहीनता तोडिनुपर्छ ।'

नेपाल बार एसोसिएसनका महासचिव एवं वरिष्ठ अधिवक्ता केदार कोइराला मानव अधिकार, मानवीय कानून र अन्तराष्ट्रिय समूदायका कारण पनि त्यतिबेला सत्तामा बस्नेहरुको पनि एउटा तहको जवाफदेही हुनुपर्ने र त्यसबाट उन्मुक्ति नमिल्ने बताउँछन् ।

साथसाथै संवेदनशील ठाँउमा विध्वंश मच्चाउने र अप्रिय घटनाको परिस्थिति सिर्जना गर्नेहरुमाथि पनि उही रुपमा अनुसन्धान हुनुपर्ने कोइराला बताउँछन् । उनी भन्छन्, 'बल प्रयोगको घटनाको अनुसन्धान र संलग्नता त हेरिनुपर्छ नै । साथसाथै संवेदनशिल ठाँउभित्र गएर विध्वंश मच्चाउने को हुन् भन्ने पक्ष पनि छुटाउन हुँदैन, दुवैमा सन्तुलन हुनुपर्छ ।'

**कानुन बनाएर अनुसन्धान ?**

जाँचबुझ आयोगले जेनजी आन्दोलनमा भएको दमनमा मात्रै होइन, अन्य पाटोमा पनि अनुसन्धान अघि बढाउन सुझाव दिएको छ । त्यसो हुँदा शंकास्पद व्यक्तिहरुमाथि राजस्व चुहावट, सम्पत्ति शुद्धिकरणदेखि भ्रष्टाचार(गैर कानूनी सम्पत्तिआर्जन)को आरोपमा अनुसन्धान अघि बढाउनुपर्ने हुन्छ ।

त्यसका लागि कार्की आयोगको प्रतिवेदन अखितयार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागदेखि नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान व्यूरोसम्म पठाउनुपर्ने हुन्छ । प्रतिवेदन कार्यान्वयनको प्रमुख पाटो भदौ २३ को घटना भएपनि आयोगले त्यसको कारकको रुपमा अन्य विषयवस्तुहरु पनि जोडेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# कृषि अनुदानको प्रणाली परिवर्तन हुन्छ, अब उत्पादनका आधारमा अनुदान: मन्त्री पौडेल



साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/ बागमती प्रदेशका कृषि तथा पशुपन्छी विकास मन्त्री मधुसूदन पौडेलले कृषि क्षेत्रमा प्रवाह हुँदै आएको अनुदान प्रणालीलाई पूर्ण रूपमा परिमार्जन गरिने घोषणा गरेका छन्।

शुक्रबार हेटौंडामा आयोजित "बागमती प्रदेशस्तरीय कृषि प्रदर्शनी मेला" को उद्भाटन गर्दै मन्त्री पौडेलले यस्तो बताएका हुन् । मन्त्री पौडेलले हालको अनुदान वितरण प्रक्रियाले वास्तविक किसानलाई लाभ पुऱ्याउनुको सट्टा अल्छी बनाएको टिप्पणी गरे। उनले अबका दिनमा वितरणमुखी अनुदानलाई निरुत्साहित गर्दै उत्पादनमा आधारित अनुदान प्रणाली लागू गरिने स्पष्ट पारे।

'हामी अनुदानको मोडालिटी परिवर्तन गर्दैछौं,' मन्त्री पौडेलले भने, 'किसानले कति उत्पादन गर्छन्, सोही आधारमा राज्यले प्रोत्साहन दिने व्यवस्था मिलाइनेछ। यसले कृषिमा वास्तविक व्यवसायीकरण ल्याउने हाम्रो विश्वास छ ।'

उत्पादनमा आधारित प्रणाली अपनाए पनि युवा स्वरोजगारका कार्यक्रमलाई भने निरन्तरता दिइने उनले बताए। विशेष गरी शैक्षिक प्रमाणपत्र धितो राखेर प्रदान गरिने सस्तो दरको कृषि ऋणलाई यथावत् राखिने मन्त्रीको भनाइ छ । युवाहरूलाई कृषिमा आकर्षित गर्न र पलायन रोक्न सरकारले यो नीति लिएको उनको भनाई छ ।

मकवानपुर उद्योग वाणिज्य संघको आयोजना, बागमती प्रदेश सरकारको सहयोग र हेटौंडा उपमहानगरपालिकाको सहकार्यमा सुरु भएको उक्त मेलामा ४० वटा स्टलहरू रहेका छन्।

प्रदर्शनीमा रैथाने बालीहरु कोदो, जुनेलो, फापर, हस्तकला तथा घरेलु उत्पादन राखिएको थियो ।

संघका अध्यक्ष प्रमोदसिंह रानाभाटका अनुसार स्थानीय उत्पादनलाई बजारसँग जोड्ने उद्देश्यले आयोजित यस मेलामा करिब ५ लाख ७५ हजार १७८ रुपैयाँ खर्च हुने अनुमान गरिएको छ। चार दिनसम्म चल्ने यो मेलाले प्रदेशको कृषि अर्थतन्त्रलाई चलायमान बनाउने अपेक्षा गरिएको छ।

# 'निफ'मा 'शोले' निर्देशक सिप्पी र हमालबीच संवाद कार्यक्रम हुने




काठमाडौं/यही चैत १९ गतेबाट काठमाडौंमा हुन लागेको नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ)मा भारतीय निर्देशक रमेश सिप्पी र नेपाली अभिनेता राजेश हमालबीच संवाद कार्यक्रम तय भएको छ । 'निफ'को दोस्रो दिन (शुक्रबार) सिप्पी र हमालबीच संवाद कार्यक्रम राखिएको आयोजकले जनाएको छ । कार्यक्रम दिउँसो ३ बजे भृकुटीभण्डपस्थित नेपाल पर्यटन बोर्डमा हुनेछ ।

सिप्पी र हमालको संवाद कार्यक्रमको शीर्षक 'सिनेमा संवाद : रमेश सिप्पी र राजेश हमालसँग' राखिएको छ । कार्यक्रममा नेपाली र बलिउड फिल्मको यात्रा, व्यक्तिगत अनुभव, विश्व फिल्मको विगत, वर्तमान र भविष्यका विषयमा दुई हस्तीले कुराकानी गर्ने 'निफ'का अध्यक्ष केपी पाठकले बताए । उनका अनुसार 'शोले'का निर्देशक समेत रहेका सिप्पी चैत १८ गते नेपाल आउनेछन् ।

सिप्पी र हमालबीच अंग्रेजीमा संवाद हुने जानकारी दिँदै अध्यक्ष पाठकले भने, 'दुई लेजेन्डको अनुभव, उनीहरूको भोगाइ र फिल्मको विगतदेखि भविष्यका विषयमा उहाँहरूले संवाद गर्नुहुनेछ । निफमा लिजेन्ड निर्देशक सिप्पीको उपस्थितिले बलिउड उद्योग र नेपाली फिल्म क्षेत्रको सम्बन्ध थप विस्तार र मजबुत हुने अपेक्षाले यो कार्यक्रम राखिएको हो ।'

'निफ'को नवौं संस्करण चैत १९ गतेदेखि २३ गतेसम्म हुनेछ । आयोजकका अनुसार महोत्सवमा नेपालसहित ४० देशका ८८ फिल्म देखाइनुका साथै फरक-फरक विषयमा १० वटा अन्तर्क्रियात्मक कार्यक्रमहरू पनि राखिनेछ । प्रतिस्पर्धामा सहभागी नभएका १० वटा चिनियाँ र रसियन फिल्महरू पनि 'निफ'मा प्रदर्शन गरिने जनाइएको छ ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

*के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?*

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद'

दोस्रो बृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सव, हेटौंडा-२०८२

मितिः २०८२ फाल्गुन २९ गतेदेखि चैत्र १४ गतेसम्म    स्थान : हेटौंडा-१०, टिसिएन चौर

राष्ट्रिय तेक्वान्दो प्रतियोगिता
२०८२ चैत्र ११, १२ र १३ गते

खुल्ला राष्ट्रिय महिला भलिबल प्रतियोगिता
२०८२ चैत्र ४, ५, ६, ७ र ८ गते

जिल्ला स्तरीय महिला/पुरुष १० कि.मि. दौड प्रतियोगिता
२०८२ फागुन २९ गते

जिल्ला स्तरीय व्याडमिन्टन प्रतियोगिता
२०८२ फागुन २९, ३० गते

जिल्ला स्तरीय पुरुष भलिबल प्रतियोगिता
२०८२ चैत्र १, २ र ३ गते

जिल्ला स्तरीय कराते प्रतियोगिता
२०८२ चैत्र ९ र १० गते



# बागमती प्रदेशस्तरीय कृषि प्रदर्शनी मेला सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/ कृषिउपजको उत्पादन, विविधीकरण तथा बजारीकरणमा सहयोग पुर्‍याउने उद्देश्यले मकवानपुर उद्योग वाणिज्य संघको आयोजनामा शुक्रबारदेखि प्रदेश राजधानी हेटौंडामा बागमती प्रदेशस्तरीय कृषि प्रदर्शनी मेला सुरु भएको छ ।



हेटौंडा उपमहानगरपालिका-२ स्थित पल्पसा सभाहल परिसरमा सुरु भएको मेला चार दिनसम्म सञ्चालन हुने आयोजकले जनाएको छ । मेलाको उद्घाटन बागमती प्रदेशका कृषि तथा पशुपन्छी विकास मन्त्री मधुसुदन पौडेलले गरेका हुन् । उद्घाटन समारोहलाई सम्बोधन गर्दै मन्त्री पौडेलले कृषिक्षेत्रको प्रवर्द्धनका लागि यस्ता प्रदर्शनीले महत्वपूर्ण योगदान दिने विश्वास व्यक्त गरेका छन् । उद्योग, वाणिज्य र कृषिक्षेत्रबीच गहिरो अन्तरसम्बन्ध रहेको उल्लेख गर्दै उनले कृषि क्षेत्रलाई व्यवस्थित नगरी अन्य क्षेत्रको विकास सम्भव नहुने बताए । कृषि नै जीवनको मूलआधार हो भन्दै मानव सभ्यताको विकास पनि कृषियुगबाटै सुरु भएको मन्त्री पौडेलले बताए ।

उनले सधैं ‘कृषिप्रधान देश’ भन्नेमा मात्र सीमित नरही आधुनिक कृषिप्रणालीतर्फ उन्मुख हुनुपर्नेमा जोड दिएका छन् । प्रदेश सरकारले कृषकलाई अल्छी बनाउने किसिमको अनुदान नदिने स्पष्ट पार्दै लक्षित वर्गसम्म प्रभावकारीरुपमा अनुदान पुग्नुपर्ने उनले बताए । अनुदान प्रक्रियामा अनियमितता पाइए कडाभन्दा कडा कारबाही गरिने चेतावनी दिँदै अब उत्पादनमा आधारित अनुदान र ब्याज अनुदान मात्रै उपलब्ध गराइने जानकारी दिए । प्रदर्शनीमा सिन्धुली, रामेछाप, काभ्रे, काठमाडौं, चितवन र मकवानपुरका कृषक तथा कृषिउद्यमीका करिब ४० वटा स्टल रहेका छन् ।

मेलामा कोदो, जुनेलो, फापरको पिठो, गेडागुडी, केराको चिप्स, मह, माटोका सामग्री, मसला, बाँसका सामग्री, सिमल तरुल, आलु, गुन्द्रुक, च्याउ, माछा तथा अल्लोबाट बनेका कपडालगायत वस्तु बिक्रीका लागि राखिएका छन् । स्टलहरु नि:शुल्करुपमा उपलब्ध गराइनुका साथै सहभागी कृषक तथा उद्यमीका लागि खाने र बस्ने व्यवस्था संघले मिलाएको जनाएको छ । करिब ६ लाख रुपैयाँ लागतमा आयोजना गरिएको मेलाका लागि बागमती प्रदेश सरकारले हेटौंडा उपमहानगरपालिकामार्फत ५ लाख रुपैयाँ सहयोग उपलब्ध गराएको छ ।

मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाटले कृषकको मनोबल वृद्धि गर्न र युवालाई कृषि क्षेत्रमा आकर्षित गर्ने उद्देश्यले मेला आयोजना गरिएको बताए । कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी, वडा नं. ११ का अध्यक्ष जुना दाहालगायतको उपस्थिति रहेको थियो ।

## प्रादेशिक स्वास्थ्य संस्थाको अनुगमन,
# काम नगर्नेलाई कारबाही गर्न निर्देशन



साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/ बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले प्रदेशभित्रका प्रादेशिक अस्पताल, जिल्ला जनस्वास्थ्य कार्यालयदेखि जिल्ला आयुर्वेदिक अस्पतालको छड्के अनुगमन एवं निरीक्षण सुरु गरेको छ ।

स्वास्थ्यमन्त्री किरण थापामगरको नेतृत्वमा स्वास्थ्य सचिव डा.सुमित्रा गौतम, पूर्वस्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठ, प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक डा.नरेन्द्र कुमार झालगायतको टोलीले बिहीबारबाट छड्के अनुगमन एवं निरीक्षण सुरु गरेको हो । यसैक्रममा ललितपुरमा प्रादेशिक अस्पतालको रुपमा सञ्चालित बज्रबाराही चापागाउँ अस्पतालको सेवा सञ्चालन र प्रदेश मन्त्रालयको करिब १४ करोडको बजेटमा निर्माण भइरहेको अस्पताल भवनको निरीक्षण गरियो । मन्त्री थापामगरले नवनिर्मित भवनमा केही संरचना अपुग र अव्यवस्थित भएको भन्दै निर्माण सम्पन्न हुनुअगावै त्यस्ता संरचनालाई सच्याउन निर्देशन दिए ।

उनले ललितपुरको दुर्गमक्षेत्रका बासिन्दालाई गुणस्तरीय सेवा प्रदान गर्न कुनै कसर बाँकी नराख्न अस्पतालका मेडिकल सुपरिटेन्डेण्ट डा.लक्ष्मण खड्कासहितको टोलीलाई निर्देशन दिए । मन्त्री थापामगरले भने, ‘बज्रबाराही अस्पताल २५ शैयाको स्वीकृत भएपनि सबै शैया सञ्चालन हुन सकेका छैनन् । यस अस्पताललाई छिट्टै ५० शैयामा विस्तार गर्दैछौँ, यही अस्पतालमा शल्यक्रिया सेवा सञ्चालन गर्न एनेस्थिेसिया डाक्टरसमेत पठाउँदा पनि सेवा सुरु हुनसकेको छैन, त्यसैले तत्काल सेवा सुधार्नुस् ।’ निरीक्षणमा सहभागी मन्त्रालयकी सचिव डा.गौतमले अस्पतालमा शल्यक्रिया, प्रयोगशालालगायत विभिन्न सेवाबारे मन्त्रालयमा गुनासा आएकाले त्यसमा सुधार गर्न निर्देशन दिए ।

अस्पतालका मेडिकल सुपरिटण्डन्ट डा. खड्काले अस्पतालमा एक सय कर्मचारी रहेका र दैनिक दुई सय बिरामीले सेवा लिने गरेको जानकारी गराए ।

टोलीले जिल्ला जनस्वास्थ्य कार्यालय ललितपुरको अनुगमन गर्दै मन्त्री थापामगरले जनस्वास्थ्य प्रमुख डा.खगेश्वर गेलाललाई जिल्लाका दुर्गम गाउँपालिका र दुर्गमक्षेत्रका बासिन्दालाई लक्षित गरी स्वास्थ्य शिविर सञ्चालन गरी सेवाप्रवाह गर्न निर्देशन दिए । मन्त्री थापामगरले प्रदेशअन्तर्गत रहेका १३ वटै जिल्लाका प्रादेशिक अस्पताल, आयुर्वेदिक अस्पताल र जिल्ला जनस्वास्थ्य कार्यालयको अवलोकन, निरीक्षण अभियान सुरु गरिएको जानकारी दिए ।

प्रत्येक जिल्लाको गाउँगाउँमा स्वास्थ्यको सहज पहुँच पुर्‍याउन सरकार लागिरहेको र आफ्नो जिम्मेवारी बहन गर्न सबैलाई आवश्यक आग्रह र निर्देशन दिन अनुगमनलाई निरन्तरता दिइने बताए ।

# राष्ट्रिय आमन्त्रित तेक्वान्दोको उपाधि काभ्रेलाई, वर्षा र किरण बने सर्वोत्कृष्ट खेलाडी

साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/राष्ट्रिय तेक्वान्दो प्रतियोगिताको उपाधि काभ्रे जिल्लाले जितेको छ । मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा हेटौंडा-१०,स्थित टिसीएन चौरमा जारी दोस्रो बृहत खेलकुद कृषि तथा पर्यटन महोत्सवमा शुक्रबार सम्पन्न भएको राष्ट्रिय आमन्त्रित तेक्वान्दो



प्रतियोगिताको उपाधि काभ्रे जिल्लाले जितेको हो । मकवानपुर जिल्ला तेक्वान्दो संघको व्यवस्थापनमा बिहिबारबाट सुरु भएर शुक्रबार सम्पन्न भएको प्रतियोगितामा ७ वटा स्वर्ण पदक, १ वटा रजत पदक र १ वटा काँस्य पदक गरी कुल ९ वट पदक प्राप्त गर्दै काभ्रे जिल्लाले उपाधि चुम्न सफल भएको हो ।

नुवाकोट जिल्लाले २ वटा स्वर्ण, २ वटा रजत र ३ वटा रजत पदकगरी कुल ७ वटा पटक प्राप्त गर्दै उपविजेता बनेको छ । संघीय राजधानी काठमाडौँले २ वटा, स्वर्ण २ वटा रजत र २ वटा कास्य पदक गरी कुल ६ वटा पदक प्राप्त गर्दै तेस्रो स्थानमा पर्न सफल भएको छ । राष्ट्रिय आमन्त्रित तेक्वान्दो प्रतियोगितामा ६ प्रदेशबाट १२ वटा जिल्लाको टिमको सहभागिता रहेको थियो । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी महिलातर्फ दाङ जिल्लाकी वर्षा घर्ती मगर घोषित मगर घोषित भएकी पुरुषतर्फ सर्वोत्कृष्ट खेलाडी काभ्रे जिल्लाका किरण तामाङ घोषित भएका छन् । उनीहरू दुवैजनालाई मकनपुरका तेक्वान्डो खेलाडी श्रीराम लामाले आफ्नो व्यक्तिगत तर्फबाट पुरस्कार प्रदान गरेका छन् ।

प्रतियोगितामा आयोजक मकवानपुर ए र बी सहित ललितपुर, दाङ काभ्रे, चितवन, भक्तपुर नुवाकोट काठमाडौँ, रसुवा, पर्सा बारा, कपिलवस्तु लगायतका जिल्लाबाट खेलाडीहरु सहभागी भएका थिए ।

प्रतियोगिताको उपाधि विजेता काभ्रे जिल्लाको टिमले ५० हजार रुपैयाँ सहित सिल्ड मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् भने उपविजेता नुवाकोटको टिमले ३५ हजार रुपैयाँ सहित सिल्ड मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् । यस्तै, तेस्रो भएको संघीय राजधानी काठमाडौँको टिमले भने १५ हजार रुपैयाँसहित सिल्ड मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगितामा सात प्रदेशको १२ जिल्लाबाट कुल ११ वटा स्वर्ण पदकलाई प्रतिस्पर्धा भएको थियो । प्रत्येक तौल समूह र पुम्से विधातर्फ प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरूलाई क्रमश : ३ हजार रुपैयाँ, २ हजार रूपैयाँ र १ हजार ५ सय रुपैयासहित पदक प्रदान गरिएको छ ।

**अन्तर्राष्ट्रिय रेफ्री कोर्षमा उत्तीर्ण विमलालाई ५ हजार नगद पुरस्कारले सम्मान**

मकवानपुर जिल्ला संघले अन्तर्राष्ट्रिय विमलबहादुर विश्वकर्मालाई सम्मान गरिएको छ । शुक्रबार राष्ट्रिय आमन्त्रण तेक्वान्दो प्रतियोगिताको समापन समारोहमा पाँच हजार रूपैयाँको नगद पुरस्कार र प्रमाणपत्र सहित सम्मान गरिएको हो । गत वर्षको जेनवारी १७ तारिखदेखि २० तारिख सम्म डबल टिएफबाट भारतको पुणेमा भएको १३३ औं अन्तर्राष्ट्रिय निर्णायक कोर्षमा सफलता पुर्वक उत्तीर्ण हुन सफल भएकोमा कामको उच्च मूल्यांकन गर्दै उनलाई सम्मान गरिएको हो ।

मकवानपुर जिल्ला तेक्वान्दो संघका सदस्य तथा हेटौँडा-९ स्थित जनज्योति तेक्वान्दो डोजाङका सञ्चालक समेत रहेका विश्वकर्माले खेल क्षेत्रलाई अंगाल्दै एक कुशल र सक्षम तेक्वान्दो कर्मीको हैसियतले दर्जनौ राष्ट्रिय प्रतियोगितामा सफल तथा कुशल निर्णयकको भुमिका निर्वाह गरिसकेको छन् ।

मकवानपुर जिल्ला तेक्वान्दो संघका अध्यक्ष लालकाजी रत्नबज्राचार्यको सभाध्यक्षमा तथा जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष राजकुमार मोक्तानको प्रमुख अतिथ्यतामा पुरस्कार वितरण समारोह भएको थियो । पुरस्कार वितरण समारोहमा मधेश प्रदेश तेक्वान्दो संघका महासचिव राजकुमार लामाको विशेष आतिथ्यथा रहेको थियो । खेलकुद महोत्सवमा पाँच किलोमिटर महिला पुलुस्टर प्रतियोगिता, जिल्लास्तरीय ब्याडमिन्टन प्रतियोगिता, राष्ट्रिय महिला भलिबल तथा जिल्ला स्तरीय पुरुष भलिबल प्रतियोगिता र जिल्लास्तरीय कराँते प्रतियोगिताको आयोजना गरिएको थियो ।

# गढीमा अदुवा प्रवर्द्धन कार्यक्रम, ५० प्रतिशत अनुदानमा बीउ

साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/ मकवानपुरगढी गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ‘अदुवा प्रवर्द्धन कार्यक्रम’ सञ्चालन गर्ने भएको छ ।

गाउँपालिकाले वडा नं. ४ का कृषकलाई लक्षित गर्दै यस कार्यक्रमका लागि प्रस्ताव आह्वान गरेको हो । प्रदेश सशर्त अनुदान अन्तर्गत सञ्चालन हुन लागेको यस कार्यक्रमका लागि गाउँपालिकाले कुल ४ लाख ५० हजार रुपैयाँ बजेट विनियोजन गरेको छ । ‘कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८२’ बमोजिम छनोट भएका कृषक वा फर्मले अदुवाको बीउमा ५० प्रतिशत अनुदान प्राप्त गर्नेछन् । यो कार्यक्रम विशेष गरी मकवानपुरगढी गाउँपालिका वडा नं. ४ भित्रका लागि मात्र लक्षित छ । वडा नं. ४ मा दर्ता भई सञ्चालनमा रहेका व्यक्तिगत कृषक तथा कृषक समूह, कृषि सहकारी तथा बहुउद्देश्यीय सहकारी र निजी कृषि फर्म तथा कम्पनीले यस कार्यक्रममा सहभागी हुन आवेदन दिन सक्नेछन् ।

इच्छुक कृषक वा संस्थाले सूचना प्रथमपटक प्रकाशन भएको मितिले ३० दिनभित्र अर्थात् २०८२ चैत्र २७ गतेसम्ममा आफ्नो प्रस्ताव दर्ता गराउनु पर्नेछ । आवेदन गाउँपालिकाको कृषि विकास शाखा वा वडा नं. ४ को वडा कार्यालयमा बुझाउन सकिने कृषि शाखाप्रमुख गोपालप्रसाद लम्सालले जानकारी दिए । निवेदनका साथमा आवेदन फारम र समूह/सहकारीको हकमा बैठकको निर्णय, संस्था/फर्म दर्ता प्रमाणपत्र, नवीकरण, स्थायी लेखा नम्बर र करचुक्ताको प्रतिलिपि ल्याउनु पर्नेछ । त्यस्तै, नागरिकताको प्रतिलिपि, सम्बन्धित वडा कार्यालयको सिफारिसपत्र, जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि (जग्गा भाडामा भए कम्तिमा ५ वर्षको सम्झौतापत्र) र प्रतिवद्धतापत्र र स्वघोषणापत्र समावेश गर्नुपर्ने सूचनामा उल्लेख छ ।

रीत नपुगेका वा म्याद नाघी आएका आवेदन छनोट प्रक्रियामा समावेश नगरिने गाउँपालिकाले स्पष्ट पारेको छ । कार्यक्रमका बारेमा थप बुझ्न चाहनेले गाउँपालिकाको कृषि विकास शाखामा सम्पर्क गर्न सक्ने सूचनामा उल्लेख गरिएको छ ।










साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना